
Received Date: April 2022 Revised: May 2022 Accepted: June 2022




# पुस्तक समीक्षा



ज्योती उपाध्याय
इतिहास विभाग (विभागीय प्रमुख)
सरस्वती बहुमुखी क्याम्पस, लैनचौर
Email : jupadhyaya25@gmail.com

**विषयप्रवेश**

विश्वमै सानो, शान्त र सुन्दर देशका रूपमा चिनिने नेपाल एकमात्र स्वतन्त्र हिन्दु अधिराज्यको पहिचान कायम गरेको मुलुक हो। नाग वंशद्वारा शासन व्यवस्थाको थालनी गरेको यो भूभागमा आधुनिक कालसम्म आइपुग्दा विभिन्न राज वंशहरूले शासन गरेको इतिहास पाइन्छ। कहिल्यै कसैको अधिनमा नपरेको यो मुलुकको आन्तरिक राजनीतिमा विभिन्न उतार चढावहरू आएका थिए। जसले गर्दा विभिन्न प्रकारका शासन व्यवस्थाहरू सञ्चालन हुँदै आएको नेपालमा आधुनिक नेपाल राज्यका निर्माता पृथ्वीनारायण शाहले योग्य भारदारको कदर गर्ने र जनचाहनालाई राज्य सञ्चालनको मूल नीतिको आधार बनाउने जुन नीति अवलम्बन गरे त्यसलाई उनकै उत्तराधिकारीहरूले पालना गरेनन्। परिणामस्वरूप नेपालको राजनीतिमा सुरु भएको सत्ता सङ्घर्षको फोहोरी खेलमा राजपरिवारकै सदस्यहरू नराम्रोसँग संलग्न हुने प्रवृत्ति बढेर राज्यका महत्वपूर्ण भारदारहरू काटिने प्रवृत्तिले प्रोत्साहन पायो। जसका अन्तमा कोतपर्व जस्तो रक्तरंजित हत्याकाण्ड सम्पादन गर्ने जङ्गबहादुरलाई नै सत्ता बागडोर सुम्पिएकी रानी राज्यलक्ष्मीको कमजोरीबाट फाइदा उठाएका जङ्गबहादुरले राणा शासनको स्थापना गरेर पारिवारिक शासनमा रूपान्तरण गरे। राजा राजेन्द्रको असक्षमता र रानीको कुरा काट्न नसक्ने स्वभावले गर्दा नेपालको राजनीतिमा हावी हुने अवसर पाएकी रानी राज्यलक्ष्मी देवीको अवैधानिक महत्वाकाङ्क्षाले गर्दा सुरु भएको षडयन्त्रात्मक राजनीतिबाट फाइदा उठाएका जङ्गबहादुरले राणा शासनको स्थापना र सवलीकरणका लागि रानी राज्यलक्ष्मी एवं राजा राजेन्द्रलाई नै पन्छाउने काम गरे। अर्धसिल्ली स्वभाव एवं कमजोर दिल भएका श्री ५ सुरेन्द्रलाई प्रभावमा पारेका जङ्गबहादुरले आफूलाई चाहिए जति अधिकार लिने कार्यको थालनी वि.सं. १९०६ को लालमोहरबाट गरेर वि.सं. १९१३ को लालमोहरसम्म पुग्दा पारिवारिक स्तरोन्नतीसँगै राजालाई खोपाको देवता बनाएर राणा शासक अर्थात् श्री ३ महाराज नै नेपाल र नेपालीका भाग्य विधाता सर्वोच्च अधिनायक हुने परिवेश निर्माण गरे।

श्री ५ हरू राणा परिवारका हातका कठपुतली मात्र बन्ने अवस्था सिर्जना गरेका जङ्गबहादुरले शासन व्यवस्थामा राणा परिवारको अधिपत्यलाई झन सुदृढ पार्ने उद्देश्य अनुरूप राजपरिवार एवं राणा परिवार बिच वैवाहिक सम्बन्धको क्रम पनि चलाए। प्राणदण्ड दिने वा माफि दिने, पजनी गर्ने, युद्ध वा शान्ति गर्ने, कानून बनाउने, संशोधन एवं खारेज गर्नेसम्मका सम्पूर्ण राजकीय अधिकार प्राप्त गरेका राणा प्रधानमन्त्री विरुद्ध बोल्ने वा बोल्न प्रयास गर्नेलाई कठोर सजाय गरिने प्रवृत्तिले मान्यता पाएको राणा शासन सुदृढ हुँदै जाने क्रममा झन झन कठोर र निरङ्कुश हुँदै गयो। राजालाई फगत आलङ्कारिक स्थान दिएर खोपाको देवता बनाएका राणाहरूले राज्यका सम्पूर्ण स्रोत साधनमाथि एकाधिकार जमाएर कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका

सम्बन्धी अधिकार केन्द्रित गरी निरङ्कुश शासन गर्न थाले। राजाका परम्परागत विशेषाधिकार पनि हातमा लिएर केन्द्रीकृत प्रशासन कायम गरेको राणा शासन ब्रिटिश सरकारको पक्षधर भएर सत्ता सुरक्षित गर्ने तर्फ लाग्यो। जनतालाई मुठिका सम्झेर शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइसम्मको महत्वबोध गर्ने अवसरसम्म नदिई मध्य युगिन सामन्ती शैलीमा रुमल्याउने नीति लिएको राणा शासनमा सामान्य जनताको घोर उपेक्षा गरियो। देशको शासन व्यवस्थामा सहभागिताको त कुरै छाडौँ सामान्य चासो मात्र देखाउन नपाउने नीति लिएको राणा शासनमा सबैभन्दा शिक्षित र निरङ्कुश प्रधानमन्त्री एवं श्री ३ को स्थान पाएका चन्द्र शमशेरको कार्यकालमा उत्तर–दक्षिणको जागरण एवं परिवर्तनको लालसा समेतले गर्दा परिवर्तनका किरणहरूले नेपाल प्रवेश गर्ने क्रम सुरु भयो। चाहेर पनि त्यस्ता किरणहरूलाई रोक्न नसकेका चन्द्र शमशेर एवं उनी पछिका राणा शासकहरूले विरोधका आवाजहरूलाई नै समाप्त गर्ने नीति लिए भने परिवर्तनको लालसा लिएका नेपाली जनताहरू ज्यू ज्यानको पर्वाह नगरी विद्रोहको मशाल बोकेर उत्रिए। जसले गर्दा सुरु भएको विरोध र दमनको शृङ्खलाहरूले निर्माण गरेको इतिहासलाई नै नेपाली जनता पक्षको इतिहास अर्थात् प्रजातान्त्रिक आन्दोलनको इतिहास नामकरण गरिएको छ।

उद्योग धन्दा समेतको खासै विकास नहुँदा खेतिपाती माथि मात्र आश्रित भएर जीवन निर्वाह गर्न बाध्य नेपाली समाजमा प्रतिनिधिमूलक शासन व्यवस्था, वैधानिक सरकार आदिको कल्पनासम्म पनि गर्न नसकिने स्थिति थियो। विशेष चाहना बिना बाँझो बन्जर जमिन, भीर पाखामा दश नङ्ग्रा खियाउँदै साँझ बिहानको छाक टार्न मात्र पाएमा सुखी र सम्पन्न ठान्ने अवस्थामै रमाइरहेका नेपालीहरूको हृदयमा जागरण एवं परिवर्तनको लालसा जगाएर क्रान्तिपथमा बढ्ने चाहनाको विजारोपण गर्ने निष्काम कर्मयोगीहरूको सङ्ख्या अत्यन्तै सीमित रहेको छ। शिक्षा विकास गर्दा विरोधका आवाज मात्र जन्मिन्छन् भन्ने तर्फ सोचेका राणा शासकको नीतिले गर्दा चेतनाको अभावमा पिछडिएको नेपाली समाजलाई वाणी दिएर विद्रोहको मशाल बोक्न लगाउने काममा लाग्ने व्यक्ति एवं समूहहरूको साङ्गो पाङ्ग अध्ययन, विश्लेषण गर्ने तर्फ खासै कार्य हुन सकेको छैन। देशभित्र शैक्षिक विकास नभएकाले भारतका विभिन्न शहरहरूमा गएर शिक्षा आर्जन गर्ने अवसर पाएको केही नेपाली तरुणहरूमध्ये भारतीय स्वतन्त्रता आन्दोलन देख्ने, भोग्ने र अंश दान गर्नेहरूबाटै नेपाल भित्र पनि चेतनाको जागरण गराउनेदेखि विद्रोहको आधार तयार पार्ने काम भएको हो। आफ्नो अधिकार र मर्यादित जीवनका लागि सर्वाधिकार सम्पन्न राणा शासन विरुद्ध आवाज उठाएर सङ्घर्ष गर्ने नेपाली जनतालाई नेतृत्व दिएर त्याग, तपस्या र वलिदानको इतिहास निर्माण गर्ने सेनानीहरूको इतिहासले भावी सन्ततीलाई सर्वदा प्रेरणा दिइरहनेछ। व्यवस्थित अध्ययन विश्लेषण गर्ने कार्य नभएकाले गर्दा त्यस्तो महत्वपूर्ण इतिहास भुलेर बिर्सिएर विलिन हुने अवस्था टड्कारो देखिँदै गएको अवस्थामा नेपालको इतिहासका विविध क्षेत्रमा अध्ययन अनुसन्धान गर्दै आउनु भएका अग्रज इतिहासकार डा. जगतप्रसाद पराजुलीबाट "नेपालको प्रजातान्त्रिक आन्दोलनमा काशीप्रसाद श्रीवास्तवको योगदान (पूर्वाद्र्ध चरण वि.सं. १९८१–२००७)" शीर्षक पुस्तक प्रकाशित गर्ने कार्य भएको छ। देशका लागि परिवर्तनको शङ्खघोष गर्ने, विद्रोहका लागि सामान्य नागरिकलाई वाणी दिने, नेतृत्व गर्ने, आफ्नो सम्पूर्ण जीवन नै परिवर्तनका लागि न्यौछावर गर्ने योद्धा एवं समाज सेवीहरूका इतिहासले ओझेलमा पर्न थालेको पाटो बाहिर ल्याउनेदेखि राष्ट्रिय इतिहासमा इटा थप्ने काम गर्दछन् भन्ने यथार्थलाई बल पुर्‍याउने गरी आएको यस कृतिले नेपालको प्रजातान्त्रिक आन्दोलनका अनेकौँ पक्षहरूलाई उजागर गरेको छ। देशको तराईदेखि राजधानीसम्मका विभिन्न क्याम्पसहरूमा प्राध्यापन गर्दै लामो समय व्यतित गर्नु भएको इतिहासकार डा. पराजुलीको यस कृतिले तराईमूलको सम्पन्न परिवारमा जन्मिएर पनि क्रान्तिको कठिन पथ चुन्ने कर्मयोगीको भूमिका र नेपालको राजनीतिमा परेको प्रभावबारे प्रारम्भिक अध्ययन पूरा गरेको मेरो निष्कर्ष हो।

**शीर्षक चयन**

प्रस्तुत ग्रन्थ नेपालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएर सहयोग गरेका योद्धाको विवरणहरू भएको हुँदा "नेपालको प्रजातान्त्रिक आन्दोलनमा काशीप्रसाद श्रीवास्तवको योगदान" शीर्षक राखिएको छ। किताब भित्रका शीर्षक उपशीर्षकहरूको अध्ययन गर्दा कृतिको शीर्षक उपयुक्त भएको पाइन्छ। नेपालको प्रजातान्त्रिक आन्दोलन २००७ मा एउटा अहम् भूमिका निभाएका व्यक्तिको बारेमा लुकेको इतिहासलाई यो कृतिले बाहिर ल्याउने काम गरेको छ। जसले जनताको

इतिहास लेख्ने काममा नयाँ ईँटा थप्ने काम भएको मान्नु पर्दछ । प्रजातन्त्र प्राप्तिका लागि अहम् भूमिका निभाएका यस्ता व्यक्तिहरूको बारेमा लिखित इतिहासमा थप आयामको झलक यो कृतिले तयार गरेको छ । प्रजातन्त्र प्राप्तिका लागि गरिएको यस्तो साहसिक सङ्घर्षमा अपनाइने विधि, व्यक्तिले चालेका कदमहरू परिस्थिति अनुसार व्यक्तिले निर्वाह गरेका भूमिका अनुसार पनि कृतिको शीर्षक उपयुक्त नै देखिन आउँदछ । प्रजातन्त्र प्राप्तिका लागि छेडिएको लडाइँमा सशस्त्रको बाटो अवैधानिक जस्तो देखिन्छ तर निरङ्कुशतालाई परास्त गर्न व्यक्तिले त्यस भित्रै रहेर आफ्नो ज्यानै निछावर गर्ने परिस्थितिहरू पनि आइपर्दछ । त्यसका बावजुद पनि ती सबै कुरा थाहा पाएर नेपाली जनतालाई स्वतन्त्रता दिलाउन यसरी ज्यानै बाजी लगाएर लाग्नु सानोतिनो कुरो होइन । कुनै पनि आन्दोलनको मूल उद्देश्य जनतालाई सार्वभौम तुल्याउनु, जनताका नैसर्गिक हक अधिकार दिलाउनु, स्वतन्त्र अस्तित्व कायम गराउनु नै हुन्छ । त्यसका लागि काशीप्रसाद श्रीवास्तवको अहम् भूमिकाको सन्दर्भमा यो कृति तयार गरिएको पाइन्छ ।

**पुस्तकको आवरण**

प्रस्तुत कृतिको अग्रभागमा काशीप्रसाद श्रीवास्तवको आकर्षक तस्विर राखी आकर्षक बनाइएको छ भने पृष्ठभागमा लेखकले आफ्नो परिचय, प्रकाशित कृतिहरू प्रकासोन्मुख कृतिहरूको नाम अङ्कित गरेर सिलसिलेवार रूपमा राखिएको छ । यसबाट लेखकको लेखनकार्यहरूको बारेमा जानकारी पाउनुका साथै लेखकले इतिहासका नयाँ अध्याय उजागर गर्दै बढेका यात्रा बारे जानकारी भएका छन् । जसबाट पाठकहरूले चाहेमा सूचनाहरू प्राप्त गरी नयाँ इतिहास लेखनमा सहयोग पुग्ने देखिन्छ ।

**अध्याय विभाजन**

प्रस्तुत कृतिमा लेखकले आठवटा परिच्छेद विभाजन गरी तयार पारेका छन् । त्यसपछि सकेसम्म विश्लेषणात्मक बनाउने प्रयास क्रममा पुस्तकको प्रारम्भमै लेखकले काशीप्रसाद श्रीवास्तव तथा उनकी सहयात्री किरण श्रीवास्तवको समिपमा भनि कृतिलाई समपर्ण श्रद्धाञ्जली प्रकट गरेका छन् । त्यसपछि प्राक्कथन, भूमिका, धारणा र अनुभूतिहरू लेखाउने काम गरेका छन् । भूमिका र धारणाहरू राखिसकेपछि विषयसूचीहरू राखिएको छ । कृति आठ परिच्छेदमा समापन गरिएको छ ।

प्राक्कथनबाट आफ्नो चाहना भावना प्रकट गर्दै लेखन यात्राका अनुभव समेतलाई स्थान दिएका लेखकले धन्यवाद ज्ञापनसम्मको आकर्षक प्रस्तुति पस्केको पाइन्छ । त्यति राम्रो प्रस्तुति पछि प्राक्कनको अन्तमा मिति समेत राखिदिएको भए पुस्तक समापन तिथिमितिगत अभिलेखाङ्कनमा उच्च मूल्याङ्कनको आधार बन्न सक्दथ्यो । त्यसपछि भूमिका–धारणालाई स्थान दिएका लेखकले त्यसका लागि आफ्ना गुरु एवं मित्रलाई भूमिका एवं कार्यका आधारमा चयन गरेको स्पष्टै देखिन्छ । लेखकको विश्वास कार्य अनुरूपकै सान्दर्भिक प्रस्तुति दिने गुरु प्रा.डा. तुलसीराम वैद्यले ७ पेज लामो भूमिकाबाट नेपालको प्रजातान्त्रिक आन्दोलनको सरल शब्दचित्र नै तयार पारेर काशीप्रसाद श्रीवास्तवलाई जोडेर लेखक समेतका लागि अमूल्यनिधि हुने सामग्री दिएको मेरो ठहर छ । गुरु वैद्यको भूमिकापछि नेपालको प्रजातान्त्रिक आन्दोलनका क्षेत्रमा निरन्तर साधनारत अनुसन्धाता एवं इतिहास केन्द्रीय विभागका प्राध्यापक डा. बद्रीनारायण गौतमबाट धारणागत अनुभूतिहरूका रूपमा लिपिबद्ध गरिएको ९ पेज लामो शोधनायकको परिचय एवं पहिचानबाट शोधनायकको जीवन जगत्–क्रियाशीलताका अनेकौँ पाटाहरू अध्ययन विश्लेषणको आधार प्रस्तुत गरी पुस्तकको गुणस्तर वृद्धिमा सघाउ पु¥याएको महसुस हरेक अध्ययनकर्ताले गर्ने आशा लिन सकिन्छ ।

परिच्छेद एकमा विषयप्रवेश, काशी बाबुको जीवनी, सदाचार उनमा माहत्मा गान्धिको प्रभाव परेको कुराहरू जसले उनमा स्वतन्त्रताको भावना जागृत भएकाले भारतीय स्वतन्त्रता सङ्ग्राम हुँदै नेपाली कांग्रेसका नेताहरू विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, पुष्पलाल अधिकारी, गिरिजाप्रसाद कोइराला आदिसँग सम्पर्क भएर उनीहरूसँगै देशाटन गर्ने, देशको स्वतन्त्रताको बारेमा बहस गर्ने, विकास प्रगतिका सम्बन्धमा छलफल गर्ने गरेको उल्लेख पाइन्छ । त्यसबाट काशीप्रसाद श्रीवास्तव राजनीतिज्ञ मात्र नभएर इतिहासकार समेत भएको ठहर गर्दै उनका कृतिहरूको पनि व्याख्या गरिएको छ । पहिलो परिच्छेदको अरू शीर्षकहरूमा उनको प्रारम्भिक जीवन, शिक्षा, उनको पिताको हत्याले गर्दा उनमा परेको पारिवारिक

पीडा, शिक्षाका लागि बनारस प्रस्थान, स्वामी 'करपात्री' बाट उनमा परेको प्रभावका कुराहरू, गान्धीको अनुसरणबाट उनमा आएको राजनैतिक चेतनाका बारेमा वर्णन गरी एउटा निर्भिक कार्यकर्ता तयार भएका हुन् भन्ने निचोड दिन विश्लेषण गरेको पाइन्छ। परिच्छेद दुईमा बनारस विश्वविद्यालयबाट काशीप्रसाद श्रीवास्तवको राजनैतिक जागरण भएको, त्यहाँबाट एम.ए. को अध्ययन पूरा गरी साहित्य 'बिषारद' को सम्मान पाएका कुराहरूका बारेमा व्याख्या गर्दागर्दै भारतीय स्वतन्त्रता सङ्ग्राममा सक्रिय भएर खलिलावादमा पक्राउ परी जेलमुक्त भएका घटनाहरू, प्रवासी नेपालीहरूलाई एकत्रित पार्न सक्रिय भएको विषय त्यस समयमा नेपालीहरूलाई राजनीतिक जागरण गराउँदै समाजमा भएका विकृति विसङ्गति, विषमता, कुरीतिहरूका कुराहरूलाई लिएर त्यसलाई सुधार्न चेतना जगाएका कुराहरूको बारेमा व्याख्या गरेका छन्। त्यस क्रममा "फ्रि नेपाल" नामक अखबार प्रकाशन गरी नेपालीहरूलाई स्वतन्त्रता सम्बन्धी चेतना जगाएका कुराहरूसँगै भारतीय स्वतन्त्रता आन्दोलनमा लखनऊ मोर्चा सम्हाल्ने क्रममा पक्राउ परेको प्रसङ्ग ल्याएर । त्यस क्रममा हजारी बाग जेलमा वी.पी. सँग निकटता भएको बारेमा व्याख्या विश्लेषण गरेका छन्।

परिच्छेद तीनमा लेखकले काशीबाबुको समाजवादी चिन्तन, महिला जागरण, महिला बिनाको स्वतन्त्रता मान्य छैन भन्दै नारी स्वतन्त्रताको कुराहरू, नारी प्रतिनिधित्व, सक्रियता सम्बन्धी विचारहरू सम्प्रेषण गरेका कुराहरू उल्लेख गरेका छन्। यसै गरी हजारी बाग जेलमा जयप्रकाश नारायण, मोरारजी देसाईहरूसँग पनि उनका विचारहरू आदान प्रदान भएको, प्रजातन्त्र र समाजवाद एक अर्काका परिपुरक भएको कुराहरू उल्लेख पाइन्छ । यसै गरी काशीप्रसाद श्रीवास्तवलाई राहुल सांकृत्यायनसँगको सङ्गतले समानतावादी सोच र विभेद मुक्तिका मार्गहरू पहिल्याउन सजिलो भएको कुराहरू, नेपालमा २००७ सालको क्रान्तिका लागि पत्रपत्रिका वसार पसार गरेका सघाएका कुराहरू गान्धीको हत्याका कुराहरू, राणा विरोधी आन्दोलनका कुराहरू, टङ्कप्रसादसँगको पत्राचार, डा. के.आइ. सिंहसँगको सम्बन्धका साथै भारत तथा नेपालमा प्रजातन्त्र ल्याउनका लागि बौद्धिक चेतना जगाउन गरेका कार्यहरू भनेर यो परिच्छेदमा उल्लेख गरेको पाइन्छ।

परिच्छेद चारमा काशीबाबुको जनाधारको क्षेत्र मधेश भएको र त्यहाँ मधेश र पहाडीयाको बिचमा सद्भाव बढाउने मधेश र पहाडीया एकै नेपाली नागरिक हुन् भन्ने अभिप्रेरणा जगाउँदै जनचेतना जगाएर विराटनगर मजदुर आन्दोलनका कुराहरू प्रस्तुत गरेपछि वि.सं. २००४ सालको सत्याग्रहमा तराईका जनतालाई सत्याग्रहमा सङ्गठित गरी विद्रोह गर्ने काम भएका कुराहरूको सिलसिलेबार प्रस्तुति पाइन्छ। यसैगरी कृतिको पाँचौं परिच्छेदमा कांग्रेस भित्र भएको मतभिन्नतालाई मिलाउने प्रयास गरेको प्रसङ्गसँगै सुन्दरीजल जेलमा वी.पी. रहँदा उनको स्वास्थ्य नाजुक भएको कुराहरूका बारेमा भारतीय नेताहरूसँग बहस चलाएको प्रसङ्ग ल्याएपछि वी.पी. को स्वास्थ समस्यालाई अन्तर्राष्ट्रियकरण गरी दबाव सिर्जना गर्ने काममा काशीप्रसादको ठूलो योगदान भएको कुराहरू, काशीप्रसाद र वी.पी. को सम्बन्धका कुराहरू, राणाकालीन व्यवस्थाका त्रुटिहरूलाई केलाएर प्रचार प्रसाद गर्ने काममा पत्रिकाको माध्यमबाट गरिएको निचोडपछि काशीप्रसादको योगदान नै २००७ सालको क्रान्ति थियो भन्ने कुराहरू प्रस्ट रूपमा उल्लेख गरिएको छ। यसैगरी परिच्छेद छमा लेखकले २००७ सालको सशस्त्र क्रान्तिको तयारीमा भैरहवा मोर्चामा डा. के.आइ. सिंह, गोपाल शमशेर राणा र काशीप्रसाद श्रीवास्तवले सम्हालेका कुराहरू उल्लेख गरिएका छन्। यसैगरी किसान वर्गको हितका लागि गरिएका कुराहरू जस्तै जसको जोत उसको पोतको नारा उब्जनिका आधारमा भूमिको कुत भुक्तानीको विषय सहलियत व्याजमा ऋणको अवसर दिने जस्ता सवालहरू उठाएर क्रान्तिका लागि जनतालाई जागरुक बनाउने कुरामा भूमिका निर्वाह गरेका कुराहरूको प्रस्तुतिसँगै जनमुक्ति सेनाको सङ्गठन गरेको, हतियार व्यवस्थापनमा उनको सक्रियता, विभिन्न मोर्चाहरूको घटनाहरूको बारेमा उल्लेख गरेको पाइन्छ।

यसैगरी काशीप्रसादको बारेमा परिच्छेद सातमा राजा त्रिभुवनको दरबार पलायनका घटनाहरू, सी वर्गका राणाहरूको सहकार्य, राणा शासनको पतन र दिल्ली सम्झौताका कुराहरू उल्लेख गर्दै परिच्छेद सात अन्त्य गरिएको छ।

यसैगरी परिच्छेद आठमा उपसंहार, परिशिष्टहरू, दस्तावेजहरूसँगै सन्दर्भ सामग्रीहरूको सूची राखिएको छ। परिशिष्ट खण्डका दुलैभ फोटाहरूसँगैका दस्तावेजहरूले पुस्तकको गरिमा बढाएको अनुभव सजिलै गर्न सकिन्छ।

**विषयवस्तुको प्रस्तुतीकरण**

लेखकले यो कृति तयार गर्नुभन्दा अगाडि पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा अनुसन्धानात्मक लेख, साधारण लेखहरू प्रकाशित गरिसक्नु भएको छ । नयाँ नयाँ अनुसन्धानात्मक लेखहरू लेख्न रुचि राख्ने लेखकबाट इतिहास विषयमा भएका त्रुटिहरूलाई सच्चाउँदै विषयवस्तुहरू विश्लेषण गर्ने काम भएको छ । विषयवस्तु माथिको प्रस्तुतीकरण राम्रो छ, भाषा शब्दहरू शिष्ट प्रयोग भएका छन् । नेपालको प्रजातान्त्रिक आन्दोलनमा काशीप्रसाद श्रीवास्तवको सामान्य जीवनी प्रकाश पार्दै सिलसिलेबार रूपमा राजनीतिमा सहभागी भएर दिएको योगदानको चर्चा गरिएको छ । कृतिमा भाषा सरल साहित्यिक शब्दहरूको प्रयोग गरिएकाले पाठकहरूलाई पठनीय बनाउन सहयोग पुर्‍याएको छ । कृतिमा प्रजातन्त्र प्राप्तिका लागि व्यक्तिलाई के के कुराहरूले आकर्षण गर्दछ, मजबुरीमा पार्दछ भन्ने कुरालाई राम्ररी केलाइएको छ । यसरी २००७ सालको क्रान्तिमा सहभागी भएर पनि उनको योगदान लिखित रूपमा प्रकाश पार्नु र विषयवस्तुहरूलाई अनुसन्धान गरी घटनाहरू एवं योगदानलाई सरल तरिकाले विश्लेषण गर्न सक्नुले लेखकको प्रस्तुतीकरण स्तरीय भएको पाइन्छ ।

**केही सुझावहरू**

प्रस्तुत कृतिमा घटनाहरूलाई प्रसङ्गहरूलाई प्रस्ट पार्न पारिवारिक सदस्यहरूलाई स्रोत व्यक्तिको रूपमा लिनु भएको छ । उनीहरूबाट पाएका सूचनाहरूलाई नै अधिकतम प्रयोग गरेको पाइन्छ । पारिवारिक विषयका लागि यो राम्रो पक्ष हो तर (इतिहासलाई अझ) कृतिलाई अझैँ स्तरीय बनाउन सोध व्यक्तिकै समकक्षीय साथीहरू, सरकारी कागजपत्रहरू, घटनासँग सम्बन्धी व्यक्तिहरूका घटनासँग सम्बन्धित दस्तावेजहरू प्रयोग गर्न सकिएको भए कृतिले अझैँ स्तरीयता बोक्न सक्ने थियो । कृतिमा २००७ सालको घटनाक्रमहरू धेरै छन् । त्योभन्दा श्रीवास्तवको जीवनसँग, उनको प्रजातन्त्र प्राप्तिका लागि गरेको सङ्घर्ष, योगदानको विषयमा मात्र केन्द्रित भएको भए शीर्षक चयनको विषय अझैँ उपयुक्त हुने थियो भन्ने आशा राख्न सकिन्छ । काशीप्रसाद श्रीवास्तवको योगदानका बारेमा छापिएका लेखिएका अन्य सामग्रीहरूसँगै दस्तावेजहरू र पार्टीसँग सम्बन्धित कागजपत्रहरू खोज्न सकेको भए सुनमा सुगन्ध हुने थियो ।

**निष्कर्ष**

इतिहास यस्तो विषय हो जसले देश, समाजको परिचय दिन्छ, व्यक्तिका योगदानहरूको वर्णन गर्दछ जसले विगतका घटनाहरूलाई केलाएर भविश्य निर्माणको बाटो बनाउने काम गर्दछ । प्रत्येक देशको इतिहासमा विभिन्न व्यक्तिहरूले गरेको योगदान लुकेको हुन्छ । त्यो इतिहासलाई खोज्ने काम इतिहासविद्हरूले गर्दछन् । त्यसै क्रममा वा इतिहास खोज्ने क्रममा डा. जगत्प्रसाद पराजुलीले यो कृतिको माध्यमबाट काशीप्रसाद श्रीवास्तवको योगदानको बारेमा विश्लेषण गर्नु भएको छ । प्रत्येक व्यक्तिको योगदानले यो देशको इतिहास तयार भएको हुन्छ । त्यसै क्रममा श्रीवास्तवको लुकेको इतिहासलाई लिपिबद्ध गरी बाहिर ल्याउने काम गरी प्रजातन्त्रको इतिहासमा एउटा इँटा थप्ने काम भएको छ ।

राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रका लागि आफ्नो जीवन योगदान दिने व्यक्तिहरूको इतिहासको खोजी हुनु पर्दछ । यसले एउटा व्यक्तिको योगदानलाई खोज्ने काम गरेको छ । उहाँको यस कृतिबाट नेपाली कांग्रेस पार्टी भित्रका योगदान दिने पुरुषहरूले गर्दा नै क्रान्तिले सफलता पाएको हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । पुस्तक हेर्दा आकर्षक छ, शब्द चयनहरू राम्ररी मिलाएर गरिएको छ, सिलसिलाबद्ध पनि छ । यो पुस्तकमा अनुसन्धान विधिको प्रयोग पनि भएको छ । २००७ सालको क्रान्तिको बारेमा खोज अनुसन्धान गर्ने साधकहरूका लागि उपयुक्त स्रोत बन्न सक्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**

पराजुली, जगतप्रसाद (२०७८). *नेपालको प्रजातान्त्रिक आन्दोलनमा काशीप्रसाद श्रीवास्तवको योगदान* (पूर्वार्द्धचरण वि.सं. १९८१–२००७). काठमाडौँ : शब्दार्थ प्रकाशन चावहिल काठमाडौँ ।